## रसुवा जिल्लास्थित विकास निर्माण आयोजनाको अनुगमन
## (धारापानी_रुप्सेपानी जिबजिबे ज्याडल्याङ लोकिल सडक आयोजनाको संयुक्त अनुगमन प्रतिवेदन)

### १) पृष्ठभूमिः

नेपालको संविधानको धारा २२० बमोजिम जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न एक जिल्लासभा रहने व्यवस्था छ। जिल्ला सभाको काम, कर्तव्य र अधिकार जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने, विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने, जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने र प्रदेश कानुनबमोजिमको अन्य कार्यहरु गर्ने हुनेछन।

सोही अनुरुप विकास तथा निर्माण सम्बन्धी कार्यको अनुगमन गर्न जिल्ला समन्वय समितिको कार्यालयमा एक वटा इन्जिनियर र एक वटा सब-इन्जिनियर रहने गरी अनुगमन तथा मूल्याङ्कन शाखाको समेत व्यवस्था गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १२ बमोजिम विकास निर्माणसम्बन्धी जिल्लाभित्रका गाउँपालिका वा नगरपालिका बीचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने, जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने, जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने, जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथ आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने, जिल्लाभित्रका विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समिक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद-सदस्यलाई आमन्त्रण गरी सुझाव लिने जस्ता कार्यको व्यवस्था गरिएको छ।

### २) सन्दर्भ

नेपाल सरकारले जिल्ला स्थित निकायहरुबाट सञ्चालन हुने विकास निर्माण एवम् अन्य आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गर्न जिल्ला समन्वय समितिको कार्यालय, रसुवलाई अनुगमन मल्याङ्कन तथा भ्रमण खर्च शिर्षकमा बजेट विनियोजन गरेको छ। त्यस्तै सोही कार्यलाई निरन्तरता दिन बागमती प्रदेश सरकारले समेत प्रदेश तथा स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन मूल्यङ्कन खर्च शिर्षकमा बजेट बिनियोजन गरेको छ। । प्राप्त अवलोकन तथा तथ्यहरूका आधारमा तयार गरिएको यस प्रतिवेदनले विकास

आयोजनालाई अझ दिगो, प्रभावकारी, पारदर्शी र जनमुखी बनाउनेतर्फ आवश्यक सुधारका सुझावहरू प्रस्तुत गर्दछ।

## ३) अनुगमनकर्ता:

जिल्ला स्थित निकायहरुबाट सञ्चालन हुने विकास निर्माण आयोजनाहरुको अनुगमन गर्ने उद्देश्यले देहाय बमोजिमको टोलीद्वारा स्थल निरीक्षण, सरोकारवालासँगको परामर्श, प्राविधिक मूल्यांकन तथा आवश्यक कागजात अध्ययनसमेतको माध्यमबाट अनुगमन कार्य सम्पन्न गरिएको छ

- जिल्ला समन्वय समितिको कार्यालय, रसुवाबाट
    - श्री दिप राज बस्नेत (इन्जिनियर)

- पूर्वधार विकास कार्यालय, रसुवाबाट
    - रविन महर्जन (कार्यालय प्रमुख)
    - पवन डङ्गोल (इन्जिनियर)
    - अनिल गिरि (इन्जिनियर)
- निर्माण व्यवसायी र निर्माण कम्पनीका कर्मचारी तथा कामदारहरु

## ४) अनुगमन मिति:

यस आयोजनाको स्थलगत अनुगमन मिति २०८२ साल फागुन २ गतेदेखि मिति २०८२ साल फागुन ४ गतेसम्म सम्पन्न गरिएको हो।

## ५) अनुगमन भएको आयोजना, स्थान र कार्यालयहरु:

यस अनुगमन अन्तर्गत देहाय बमोजिमको आयोजना सञ्चालन भइरहेको अवस्थाको स्थलगत अवलोकन गरिएको हो।

क. धारापानी_रुप्सेपानी जिबजिबे ज्याङल्याङ लोकिल सडक, कालिका गाउँपालिका, रसुवा।

**अनुगमन भएको कार्यालय:** आयोजना कार्यान्वयन गर्ने कार्यालय, पूर्वधार विकास कार्यालय, रसुवाको उपस्थितिमा अनुगमन सम्पन्न गरिएको छ।

## ६) अनुगमन संलगन अन्य विवरण:

१. **कार्यान्वयनको गरिने स्थान:** कालिका गाउँपालिका, रसुवा

२. **बजेटको स्रोत:** बागमती प्रदेश सरकार

३. **कार्यान्वयन गर्ने निकाय:** पूर्वधार विकास कार्यालय, रसुवा

४. **योजना कार्यान्वयनको प्रक्रिया:** निर्माण ठेक्का मार्फत

५. निर्माण व्यवसायी/ उपभोक्ता समितिको नाम: Uma & Company/PR/Jywadanba JV

६. स्वीकृत श्रोतहरु:- बागमती प्रदेश सरकार

७. सम्झौता रकम: २९,६२,५९,४०१.५०

८. सम्झौता मिति: २०७८/११/०१ – म्याद थप गरिएको

९. कार्यारम्भ आदेश मिति: २०७८/११/०१

१०. सम्पन्न हुने मिति: २०८०/११/१९

११. निर्माण कार्यको भौतिक विवरण: ९०% प्रगति

१२. निर्माण कार्यको आर्थिक विवरण: ८६% प्रगति

१३. निर्माणको हालको अवस्था : निर्माण कार्य कालो पत्रे अन्तिम चरणमा ।

## ७. देखिएका कमजोरीहरुः

क. कार्यस्थलमा कालोपत्रे गर्ने चरणमा खटिएका ज्यामी कामदारहरुले PPE (Personal Protective Equipment) प्रयोग नगरेको देखिएकोले कामदारहरुको सुरक्षामा ध्यान दिनपर्ने।

ख. कालोपत्रे गर्ने चरणमा कार्यस्थलमा पानी पर्दा वैकल्पिक उपाय तथा अनुमान नगरिएको

ग. सडक योजना बिस्तार कार्य वन क्षेत्रमा समेत हुने र सडक मापदण्ड अनुसार स-साना रुख बुट्यान हटाउनु पर्दा लाङटाङ राष्ट्रिय निकुञ्ज र आयोजना सञ्चालन गर्ने निकायबीच कानुनी विषयको समन्वयको कमीले समयमानै आयोजना सम्पन्न गर्न कठिनाई देखिएको

घ. योजनामा कार्यस्थल भएको पालिकाको वडा र कार्यालयको समन्वयमा कमि देखिएको

ङ. कार्यस्थलको ठाउँ-ठाउँमा सडक विस्तारको लागि अवरोध गरिएको

च. **Asphalt Concrete** बन्ने र कालोपत्रे गर्ने ठाउँबिच दुरी निकै भएकोले कालोपत्रे गर्न समय लाग्ने

## ८ सुझावहरु

क. कार्यस्थलमा खटिएका ज्यामी तथा कामदारहरूको सुरक्षालाई प्राथमिकता दिई हेल्मेट, सेफ्टी बुट, ग्लोभ्स, मास्क लगायतका PPE (Personal Protective Equipment) अनिवार्य रूपमा प्रयोग गराउने व्यवस्था गर्नुपर्ने।

ख. कालोपत्रे गर्ने क्रममा वर्षा हुन सक्ने अवस्थालाई मध्यनजर गरी मौसमको पूर्वानुमान अनुसार कार्यतालिका बनाउने तथा आवश्यक परे वैकल्पिक कार्ययोजना अपनाई कामलाई निरन्तरता दिने व्यवस्था गर्नुपर्ने।

ग. सडक विस्तार कार्य वन क्षेत्रभित्र पर्ने भएकाले सम्बन्धित निकाय, विशेष गरी लाङटाङ राष्ट्रिय निकुञ्ज र आयोजना सञ्चालन गर्ने निकायबीच समयमै समन्वय तथा आवश्यक कानुनी प्रक्रिया पूरा गरी आयोजना कार्यलाई अवरोध रहित रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्ने।

घ. आयोजना कार्यान्वयनमा कार्यस्थल रहेको पालिकाको वडा कार्यालय तथा आयोजना सञ्चालन गर्ने निकायबीच समन्वय र सहकार्यलाई सुदृढ गरी सूचना आदान– प्रदानलाई प्रभावकारी बनाउनुपर्ने।

ङ. सडक विस्तारका क्रममा देखिएका अवरोधहरू हटाउन स्थानीय सरोकारवाला, जनप्रतिनिधि तथा सम्बन्धित निकायसँग समन्वय गरी समस्या समाधान गर्दै निर्माण कार्यलाई सहज रूपमा अगाडि बढाउनुपर्ने।

च. Asphalt Concrete बन्ने स्थान र कालोपत्रे गर्ने कार्यस्थलबीच दूरी धेरै भएकोले सामग्री ढुवानी व्यवस्थापनलाई प्रभावकारी बनाउने, आवश्यक उपकरण तथा साधनको पर्याप्त व्यवस्था गर्ने तथा कामको समय व्यवस्थापन गरी कार्यलाई छिटो सम्पन्न गर्ने व्यवस्था गर्नुपर्ने।

## ९. तस्विरहरू



Discussion on Project Details with Project Manager from Client and Contractor



Measuring the thickness of Asphalt concrete at the edge of road




Asphalt Concrete finishing after asphalt pavement, compaction and kneading




a tipper truck is unloading hot asphalt mixture into asphalt paver finisher machine




Pneumatic roller is being used for the compaction of laid asphalt concrete



Tandem roller is being used for the compaction of laid asphalt concrete